मोदी गाउँपालिका
Modi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive
पातिचौर,पर्वत
Patichaur,Parbat
गण्डकी प्रदेश,नेपाल
Gandaki
Province,Nepal
☎:०६७-४१०१६४

पत्र संख्या :- २०७७/०७८
Letter No:- 2077/078
चलानी नं :-
Dispatch No:-

मिति : २०७७/०९/१९

**विषय : मत्स्य पालन कार्यक्रमको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।**

यस मोदी कार्यपालिका पशु सेवा शाखा को आ.व. ०७७/०७८ को वार्षिक स्विकृत कार्यक्रम अनुसार लागत साझेदारिमा तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्न इच्छुक व्यवसायिक कृषकहरुले आफुले गर्न चाहेको व्यवसायको लागि यो सुचना प्रकाशन भएको मिति बाट १५ औ दिन ( अर्थात मिति २०७७।१०।०४) भित्र यस कार्यपालिकाको कार्यालय पशु सेवा शाखामा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समय भित्र दर्ता गर्न सकिने छ ।

**तपशिल**

**मत्स्य पालन कार्यक्रम**

| सि.न. | साझेदारी कार्यक्रमहरु | साझेदारी संख्या | लागत साझेदारी अधिकतम रकम प्रति इकाइ (रु. हजार) |
|---|---|---|---|
| १. | नयाँ पोखरी निर्माण | ४ | ३० |
| २. | पुरानो माछा पोखरी मर्मत | ८ | १५ |

**प्रस्तावको साथमा संलग्न गर्नु पर्ने कागजात हरु :**

१. नेपालि नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
२. फार्म दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
३. सम्बन्धीत विषयको तालिमको प्रमाण पत्रको प्रतिलिपि ।
४. वडा कार्यलयको शिफारिस साथै कृषक वर्गीकरण फारमको प्रतिलिपि ।
५. व्यवसायको आर्थिक तथा प्राविधिक प्रस्ताव ।
७. विदेश बाट फर्केको युवाहरुको हकमा पासपोटको प्रतिलिपि संलग्न राख्नु पर्ने छ ।
८. पर्यावरणीय असरको न्युनीकरण गर्ने उपाए तथा जैविक सुरक्षा सम्बन्धित विवरण ।
९. प्रस्ताव गरेको योजना कार्यन्वयन गर्ने प्रतिवद्धता पत्र ।
१०. **पशुपक्षीं बजार प्रर्वद्धन कार्यक्रमको हकमा** आधिकारिक संस्था बाट संस्था, समिति, समुह, फार्म दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि को साथमा मुल्य अभिवृद्धि कर वा स्थाई लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न हुनुपर्ने । अघिल्लो आ.व. को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि संलग्न हुनुपर्ने छ । कार्यक्रम संचालन गर्ने स्थलको जग्गा धनि प्रमाण पत्रको प्रतिलिपि वा भाडा वा लिजमा भए कम्तीमा ५ वर्ष सम्मको सम्झौता पत्र ।
११. गत आ.व.मा यस पालिकाबाट अनुदान प्राप्त गरेका कृषकहरुले पुन अनुदान पाउने छैन ।
१२. रु १० को हुलाक टिकट टाँसेको निवेदन ।

२०७७।९।१९
किसान बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
Modi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive

पातिचौर,पर्बत
Patichaur,Parbat
गण्डकी प्रदेश,नेपाल
Gandaki Province,Nepal
फोन:०६७-४१०१६४

पत्र संख्या :- २०७७/०७८
Letter No:- 2077/078
चलानी नं :-
Dispatch No:-

**नयाँ माछा पोखरी निर्माण**

१.पोखरीको गहिराई न्युनतम १.५ मि. हुनुपर्ने ।

२. पोखरीको माटो काटीएको भाग न्युनतम १ मि. हुनुपर्ने ।

३.पोखरी एक वा एक भन्दा वढी पनि हुन सक्ने छ ।

४. व्यावसायीक माछा पाल्नेको लागी कम्तीमा ६६ वर्ग मिटर क्षेत्रफलमा एक जना कृषकले पोखरी निर्माण गर्नु पर्ने छ ।

५. पोखरी सहकार्यमा निर्माण गर्नु पर्ने भएकोले ५० % रकम कृषकले वेहोर्नु पर्ने छ ।

**पुरानो माछा पोखरी मर्मत**

१. न्युनतम ८० घन मि.पोखरीको मर्मत गरीएको हुनुपर्ने छ ।

२. भौगोलिक अवस्थाका कारण अधिकतम नाप अनुसारको पोखरी निर्माण वा मर्मत हुन नसके कम भएमा प्रति वर्ग मि.को हिसावले अनुदान उपलब्ध गराई कृषकको संख्या वढाउन सकीने छ ।

**नोट : उपरोक्त अनुसार पेश गर्नु पर्ने प्रस्ताव मोदी गाउपालिका पशु सेवा शाखा, पशु सेवा केन्द्र, र वडा कार्यलयहरु बाट प्राप्त गर्न सकिने छ ।**

२०७८।०३।१५

किसान बहादुर क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत